# शेर्पा राष्ट्रिय मुक्ति मोर्चा, नेपाल केन्द्रीय समितिको
# प्रेश विज्ञप्ती

हाम्रो शेर्पा जातिको पहिलो एक मात्र राजनैतिक संगठन शेर्पा राष्ट्रिय मूक्ति मोर्चा, नेपालको सचिवालय समितिको बैठकबाट लिएका महत्वपूर्ण निर्णयहरु सार्वजनिक गर्न यो प्रेश विज्ञप्ती जारी गरिएको छ ।

## निर्णयहरु

क. निम्न केन्द्रीय सदस्यहरु थप गर्ने निर्णय गरियो ।
१. लाक्पा शेर्पा (ईलाम), २. दालु शेर्पा (ताप्लेजुङ), ३. ङिमा शेर्पा (भोजपुर), ४. छिरिङ शेर्पा (भोजपुर), ५. ल्हेकी शेर्पा (भोजपुर), ६. रिन्जी शेर्पा (सोलुखुम्बु), ७. ओङ्डा शेर्पा (सोलुखुम्बु), ८. तेन्जिङ शेर्पा (सुनसरी), ९. दमसर्की शेर्पा (रामेछाप), १०. कर्मा शोर्पा (रामेछाप), ११. ङिमा दावा शेर्पा (दोलखा), १२. ङिमा साङ्गे शेर्पा (दोलखा), १३. जाङ्बु शेर्पा (सिन्धुपाल्चोक), १४. साम्देन शेर्पा (नुवाकोट)

ख. केन्द्रीय सल्लाहकार परिषद्मा निम्न सदस्यहरु थप गर्ने निर्णय गरियो ।
१. देण्डी शेर्पा (ओखलढङ्गा), २. मिङ्मार शेर्पा (काठमाडौं), ३. ईन्जिनीयर फूर्वा छिरीङ शेर्पा ( काठमाडौं), ४. सोनाम लामा (दोलखा), ५. गोम्बु शेर्पा (दोलखा)

ग. केन्द्रीय प्राज्ञिक परिषद्मा निम्न सदस्यहरु थप गर्ने निर्णय गरियो ।
१. आङ ङवाङ शेर्पा (काठमाडौं) २. ङवाङ कोछा लामा शेर्पा (काठमाडौं)

घ. शेर्पा राष्ट्रिय मुक्ति मोर्चा, नेपाल केन्द्रीय समितिको कार्य सम्पादनलाई चुस्तदुरुस्त बनाउँन मौजुदा केन्द्रीय सदस्य संख्याको एक तिहाई रहने गरी केन्द्रीय सचिवालय निम्न अनुसार गठन गरिएको छ, जस अनुसारः-
अध्यक्ष फूर्वा छिरी शेर्पा (दोलखा), प्र. उपाध्यक्ष रिन्जी शेर्पा (ओखलढुङ्गा), द्वि. उपाध्यक्ष लत्तर शेर्पा (तेह्रथुम), तृ उपाध्यक्ष पेमाछिरी शेर्पा (भोजपुर), महासचिव फुरी शेर्पा (सोलुखुम्बु), सचिव नाम्गेल शेर्पा (रामेछाप), कोषाध्यक्ष आङ डेन्डी शेर्पा डि.एन. (काठमाडौं), सदस्यहरु छिरिङ शेर्पा (भोजपुर), दावा शेर्पा (संखुवासभा), फुर्लमु शेर्पा (संखुवासभा), पेम्बा शेर्पा (पाँचथर), गेल्बु शेर्पा (सुनसरी), पेमाडोमा शेर्पा (ओखलढुङ्गा), डोल्मा शेर्पा (सिन्धुपाल्चोक), ङिमा दावा शेर्पा (दोलखा), पासाङ शेर्पा (ताप्लेजुङ), गन्जु शेर्पा (उदयपुर)

ङ. शेर्पा राष्ट्रिय मुक्ति मोर्चा, नेपालको राजनैतिक कार्यदिशा र विधान विपरित शेर्पा स्वायत्त राज्य वा प्रदेश प्राप्तिको महासंग्रामबाट विचलित भएर कथित हिमाली स्वायत्त प्रदेशको नाममा जातीय पहिचान सहितको अग्रधिकारलाई नामेट बनाउँन र अमेरिकी साम्राज्यवाद र सि.आई.ए.को उक्साहटमा नेपालको हिमाली क्षेत्रलाई प्रयोग गर्दै तिब्बतमा वितन्डा मच्चाउने भित्री उद्देश्यका साथ हिमाली क्षेत्रमा शदीयौं वर्षदेखि बसोबास गरी आएको महान शेर्पा जातिलाई कथित भोटेकरण वा तिब्बतीकरण गर्ने गम्भीर षड्यन्त्रमा सक्रिय भएको र शेर्पा स्वायत्त राज्य वा प्रदेश विरुद्ध लागेकोले वाङछे शेर्पा र ङवाङ वोसेर लामालाई शेर्पा राष्ट्रिय मुक्ति मोर्चाको सल्लाहकारबाट वर्खास्त गरिएको छ ।

च. ऐतिहासिक संविधान सभाको चूनाबाट प्राप्त जनादेशको आधारमा नेपाल संघीय लोकतन्त्रिक गणतन्त्र घोषणा भएको दुनियालाई प्रष्ट छ । तर अहिले केहि अवान्छीत तत्वहरु साम्राज्यको ईसारामा संघीयताले देश टुक्रन्छ भन्दै पूनः एकान्तर संघीयताले केन्द्रीत राज्य वा सामन्ती राज्यसत्ताको विकल्म नभएको तर्फ सहित वितण्डा मच्चाउन खोजिदै छ । त्यस्ता तिकडमवाजी गर्ने कु-तत्वहरुलाई जनादेशको खिलाफमा गतिविधि गर्ने छुट नदिन र त्यस्ता हर्कत माथि प्रतिवन्ध लगाउन नेपाल सरकार समक्ष माग गर्दछ । साथै सम्पूर्ण न्यायप्रेमि, गणतन्त्रवादी र संघीयतावादी शक्तिहरुलाई संघीयता विरोधी तत्वको डटेर प्रतिकार गर्न आव्हान गर्दछौं ।

छ. एक हिमाल, एक प्रदेश र हिमाली क्षेत्रमा बसोबास गर्ने आम आदीवासी जनजातीहरुलाई भोटे वा तिब्बतीकरण गर्दै दलाई लामाको दलाल बनाई दोस्रो खम्पा विद्रोह गराउने र हिमाली क्षेत्रमा कायम माओवादी वर्चस्वलाई हिमाली कोन्ट्रा मार्फत खतम पार्ने नियतका साथ तथाकथित हिमाली स्वायत्त प्रदेशको खोल ओढेर आएका साम्राज्यवाद र सि.आइ.ए. का दलाललाई व्यापक जनपरिचालनद्वारा हिमाली क्षेत्रबाट धपाउन आम न्यायप्रेमि शेर्पा जातीलाई आव्हान गर्दै शेर्पा स्वायत्त राज्य (वेयुल) को रक्षा गर्न अनुरोध गर्दछौ ।

ज. जननिर्वाचित सरकारको आदेश पालना नगर्ने र नागरिक सर्वोच्चतालाई लत्याउने सेना प्रमुख कटवाललाई नेपाल सरकारले स्पष्टिकरण लिएकोलाई स्वागत गर्दै नागरिक सर्वोच्चता कायम राख्न, नेपाली सेनाको लोकतान्त्रिककरण गर्न र नेपाल सरकारको मातहत ल्याउन नेपाल सरकारले खुट्टा नकमाई जनादेश अनुसार निर्णय लिन सुझाव दिदैं कटवाललाई तुरुन्त बर्खास्त गर्न अनुरोध गर्दछौं ।

.................................

फूर्वा छिरी शेर्पा

अध्यक्ष